# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

..............................शाखा

बलम्बु, काठमाडौं

३ नं. प्रदेश, नेपाल

प.सं. .........................

च.नं. .........................

फोन नं. ०१-४३१५७६६

मिति :..............................

## शैक्षिक सत्र २०७६मा विद्यार्थी भर्नासम्बन्धी अपिल

**"हाम्रो नगर हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालय पठाऔं ।"**

२०७६ सालको नयाँ शैक्षिक सत्र २०७६ बैशाखबाट शुरु हुँदैछ । नेपालको संविधानले आधारभूत शिक्षा प्रत्येक नागरिकको मौलिक हकभित्र राखेको छ । अत: आधारभूत शिक्षा हासिल गर्ने र आफ्ना बालबालिकालाई नियमितरुपमा विद्यालय पढ्न पठाउने प्रत्येक नागरिकको कर्तव्य भएकाले पायक पर्ने विद्यालयमा आफ्ना बालबालिकालाई समयमै विद्यालय भर्ना गराउनु हुन सबै अभिभावकहरुलाई चन्द्रागिरी नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्था गर्न बनेको ऐन, २०७५ मा विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने सुविधाबाट बन्चित गर्न सकिने प्रावधान भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

साथै, यस नगरपालिकाका सबै विद्यालयले आफ्नो सेवाक्षेत्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराउनु हुन तथा भर्ना गराउने वातावरण मिलाउनु हुन चन्द्रागिरी नगरपालिका हार्दिक अनुरोध गर्दछ । कुनै बालबालिका आधारभूत शिक्षाबाट बन्चित हुने अवस्था देखिएमा वडा कार्यालय वा यस नगरपालिकामा जानकारी दिनु हुनसमेत सबै राजनितीकर्मी, शिक्षाप्रेमी, बुद्धिजिवि, शिक्षक, विद्यार्थी, युवा, प्रधानाध्यापक र अभिभावकहरुमा हार्दिक अनुरोध छ । विद्यार्थी भर्नासम्बन्धी जानकारी तथा गुनासो यस नगरपालिकाको गुनासो पेटिका, वेबसाइट, फेसबुक, इमेल तथा फोन नं. ०१४३५७६६, ९८५१२५४००६, ९८५१२५४००५, ९८६०१४३६६४ र ९८६०३०१५७० मा पठाउन सकिनेछ ।

चन्द्रागिरी नगरपालिका कार्यालय

बलम्बु, काठमाडौं ।